# न्यूजप्रवाह साप्ताहिक

Newsprabah weekly

स्थानीय 'ग' वर्गमा वर्गीकृत




"चमेलीको पोइ" : प्रेम, वियोग र झगडा (पृष्ठ ३ मा)

❖ वर्ष ६ ❖ अंक ९ ❖ २०८३ असोज ७ गते बुधबार ❖ Wednesday, 23 Sept, 2026 ❖ मूल्य रु. १० ।- ❖ पृष्ठ ६ ❖ (Website : www .newsprabah .com)

### विपद्पछिको पुनर्स्थापना, प्रदेश सरकारको प्राथमिकता

## बाढीप्रभावितलाई रोजगार र आयआर्जनसँग जोड्छौँ – मन्त्री लामा

**- बबिलाल तामाङ**

भरतपुर । बागमती प्रदेश स्वास्थ्य तथा सामाजिक विकासमन्त्री गिरबहादुर तामाङ (ज्ञानुजङ्ग लामा)ले बाढी तथा विपद्बाट प्रभावित नागरिकलाई राहतमा मात्रै सीमित नराखेर रोजगार, शिक्षा, स्वास्थ्य र आयआर्जनसँग जोडेर दीर्घकालीन व्यवस्थापन गरिने बताएका छन् ।

चितवनका सञ्चारकर्मीसँग कुराकानी गर्दै उनले प्रभावित नागरिकको पुनस्थार्पना र आत्मनिर्भर बनाउने विषयलाई बागमती प्रदेश सरकारले प्राथमिकतामा राखेर काम गरिरहेको जानकारी दिए । उनी भन्छन्, 'पालिकाको क्षमताअनुसार कम्तीमा दुई-दुई जना प्रभावित नागरिकलाई रोजगारीमा जोड्ने गरी योजना अघि बढाइने छ । निजी क्षेत्रका उद्योगी, व्यवसायी तथा होटल व्यवसायीसँग समन्वय गरी उनीहरूको क्षमता र आवश्यकताअनुसार प्रभावित नागरिकलाई रोजगारीमा संलग्न गराउने तयारी भइरहेको छ ।'

विपद्बाट प्रभावित नागरिकलाई राहत शिविरमा भोजन, आवास र स्वास्थ्यसेवाको व्यवस्था गरेर मात्रै नहुने जनाउँदै उनले प्रभावित नागरिकलाई दीर्घकालीनरूपमा आयआर्जन र आत्मनिर्भरतातर्फ लैजानुपर्नेमा जोड दिए । उनी भन्छन्, 'बाढीप्रभावितहरुलाई उनीहरुको



योग्यता र क्षमताअनुसारको रोगजारी, स्वरोजगार वा व्यवसायमा पुनर्स्थापना गर्नुपर्छ ।'

विपद्बाट प्रभावित नागरिकलाई स्वास्थ्य तथा शिक्षाबाट वञ्चित हुन नदिने प्रदेश सरकारको नीति रहेको मन्त्री तामाङले बताए । प्रदेशका ठूला तथा मझौला अस्पतालसँग समन्वय गरी स्वास्थ्य क्षेत्रमा प्रभावितका लागि रोजगारीका अवसर सिर्जना गर्ने योजना रहेको पनि उनले सुनाए । बाढीप्रभावित क्षेत्रको स्वास्थ्य, शिक्षा तथा सामाजिक अवस्थासम्बन्धी तथ्याङ्कसमेत सङ्कलन भई मन्त्रालयमा आइसकेको उल्लेख गर्दै उनले उक्त प्रतिवेदनलाई विस्तृत अध्ययन गरेर आवश्यकताअनुसार कार्यान्वयन गर्ने प्रतिबद्धता जनाए ।

नुवाकोटको लिखु गाउँपालिकास्थित क्षेत्रपाल माध्यमिक विद्यालयमा १३ कोठाको भवन प्रयोग गरी करिब दुई सय बालबालिकाका लागि शिक्षा, खाना र आवासको व्यवस्था गरिएको र सो स्थानमा विद्यालय व्यवस्थापन तथा छात्रावासका लागि करिब १० लाख रुपैयाँबराबरको सामग्री व्यवस्थापन गरिसकिएको उनले बताए ।

बाढीका कारण नुवाकोटका विभिन्न क्षेत्रबीच आवातजावत गर्न प्रदेश सरकारले तत्काल पाँचवटा तुइन सञ्चालनमा ल्याएको उनले जानकारी दिए ।

विपद् प्रभावित क्षेत्रमा सहयोग गर्न चाहने संघसंस्था तथा विदेशी संस्थालाई सरकारसँग समन्वय गरी दीर्घकालीन संरचना निर्माणमा सहभागी हुन पनि उनले आग्रह गरेका छन् ।

मौसमी रोगको जोखिमलाई ध्यानमा राख्दै प्रभावित क्षेत्रमा आवश्यक औषधि पठाइसकिएको बताउँदै उनले आगामी दसैं-तिहारलाई लक्षित गरी प्रभावित नागरिकका लागि प्रदेश सरकारले अभिभावकत्व प्रदान गर्ने र रोजगार, सीपमूलक तालिम तथा जनसम्पर्कलाई प्राथमिकताका साथ कार्यान्वयनमा लैजाने उनले बताए ।

बागमती प्रदेशअन्तर्गत काठमाडौं उपत्यकासहित १३ जिल्ला र ११९ स्थानीय तह रहेका छन् ।

### लोककल्याणकारी विज्ञापन रकममा भारी कटौती

## पत्रकार महासंघ चितवनद्वारा विज्ञापन बोर्डलाई ज्ञापन पत्र

भरतपुर । नेपाल पत्रकार महासङ्घ चितवन लगायत देशैभरका शाखाहरुद्वारा छापामाध्यमहरूले प्राप्त गर्दै आएको लोककल्याणकारी विज्ञापन वापतको मासिक रकममा भारी कटौती गरिएको विरोधमा कडा आपत्ति जनाएको छ । महासङ्घले यसै विषयलाई लिएर जिल्ला हुलाक



कार्यालयमार्फत विज्ञापन बोर्डलाई ज्ञापन पत्र बुझाएको छ ।

महासङ्घ चितवनका अध्यक्ष वसन्त पराजुलीको नेतृत्वमा गएको पत्रकारहरूको प्रतिनिधि-मण्डलले जिल्ला हुलाक कार्यालयमार्फत विज्ञापन बोर्डका नाममा आज (सोमबार) ज्ञापन पत्र बुझाएको हो ।

ज्ञापन पत्र बुझ्दै जिल्ला हुलाक कार्यालय चितवनका प्रमुख शालिकराम बस्यालले श्रमजीवी पत्रकार र छापामाध्यमको समस्याप्रति आफूहरू गम्भीर रहेको बताउँदै प्राप्त पत्रलाई यथाशीघ्र सम्बन्धित निकाय विज्ञापन बोर्डसम्म पुर्याउने प्रतिबद्धता व्यक्त गरे ।

महासङ्घले पछिल्लो समय लोककल्याणकारी विज्ञापन रकममा गरिएको अशोभनीय कटौतीले मोफसलका साना तथा छापामाध्यमहरू सञ्चालन गर्ने, श्रमजीवी पत्रकारहरूलाई नियमित

*(बाँकी ५ पेजमा)*

## सिद्धि विनायकको १९औं वार्षिक साधारण सभा लक्षित समीक्षा बैठक

भरतपुर । सिद्धि विनायक बचत तथा ऋण सहकारी संस्था लिमिटेडको वार्षिक समीक्षा बैठक शनिबार सम्पन्न भएको छ ।




आगामी असोज ७ गते आयोजना हुने १९औं वार्षिक साधारण सभालाई लक्षित गर्दै बैठकमा साधारण सभामा प्रस्तुत गरिने प्रतिवेदन, प्रस्ताव तथा संस्थाको आगामी कार्यदिशाका विषयमा छलफल गरिएको हो ।

बैठकमा संस्थाको गत आर्थिक वर्षको गतिविधि, संस्थागत प्रगति, सदस्य सेवा, वित्तीय अवस्था तथा आगामी कार्ययोजनालगायतका विषयमा समीक्षा गरिएको संस्थाका अध्यक्ष थिरप्रसाद धितालले जानकारी दिए ।

समीक्षा बैठकमा आगामी

*(बाँकी ५ पेजमा)*

## ९३ जनामा डेंगु पुष्टि, १९३ मा स्क्रबटाइफस

भरतपुर । चितवनका अस्पतालहरुमा उपचारका लागि आएका बिरामीमध्ये ९३ जनामा डेंगुको सङ्क्रमण देखिएको छ । चालु आर्थिक वर्षको दुई महिनामा उपचारका लागि आएका बिरामीमध्ये सो संख्यामा डेंगुको सङ्क्रमण देखिएको हो ।

जनस्वास्थ्य कार्यालय चितवनका किट नियन्त्रक राम केसीका अनुसार ९४५ जनाको नमुना परीक्षण गरिएकामा उनीहरूमा डेंगुको सङ्क्रमण देखिएको हो । सङ्क्रमितमध्ये चितवनका ७९ जना रहेका छन् भने बाँकी अन्य जिल्लाका छन् । जिल्लामा सबैभन्दा बढी सङ्क्रमण रत्ननगर नगरपालिकामा ३१ जना डेंगुका सङ्क्रमित रहेका जनाउँदै उनले सबैभन्दा कम कालिका नगरपालिकामा दुई जना



भेटिएका बताए ।

यो रोग बढी सहरी क्षेत्रमा देखिएको बताउँदै केसीले सहरी क्षेत्रमा बढी मात्रामा पानी जम्ने ठाउँ हुने भएकाले सङ्क्रमित संख्या धेरै हुने गरेको उल्लेख गरे । डेंगुबाट बच्नका लागि झुल टाँगेर सुत्ने, पानी जम्ने खाल्डाखुल्डी पुर्ने, पानी जमेका भाँडाहरुको पानी फाल्ने, बिहानबेलुका बारीमा काम गर्दा लामबाउले लुगा लगाउने गर्नुपर्ने उनले जानकारी दिए ।

किट नियन्त्रक केसीका अनुसार जिल्लाका अस्पतालमा आएका बिरामीमध्ये १९३ जनामा स्क्रबटाइफसको सङ्क्रमण देखिएको छ । एक हजार ५६ जनाको नमुना परीक्षणका क्रममा १९३ जनामा यो रोग देखिएको हो । तीमध्ये ११९ जना चितवनका हुन् ।

*(बाँकी ५ पेजमा)*





## जलवायु परिवर्तनको असर तथा प्रभावबारे सचेत बनौं

- जलवायु परिवर्तनले मानव जीवन, कृषि, पानी, स्वास्थ्य र जैविक विविधतामा पार्ने असर बारे सचेत बनौं,
- बाढी, पहिरो, डुबान, खडेरी तथा अन्य जलवायुजन्य जोखिमको पूर्व तयारी गरौं,
- वनतजाप्राकृतिकस्रोतकोसंरक्षणगरीजलवायुपरिवर्तनन्यूनीकरणमायोगदानदिऔं,,
- नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन गरौं,
- वृक्षारोपण तथा हरियाली प्रबर्द्धन गरी कार्वन उत्सर्जन घटाउन सहयोग गरौं,
- जलस्रोतको संरक्षण गरौं र जलवायु परिवर्तन अनुकूल जीवनशैली अपनाऔ,
- प्लाष्टिक तथा फोहोरजन्य प्रद्रषण न्यूनीकरण गरौं,
- जलवायु परिवर्तनका जोखिमप्रति समुदायलाई सचेत र अनुकूलनशील बनाऔं ।

**जलवायु परितर्वनको असरबारे सचेत बनौं,**
**जलवायु-उत्थानशील समाज निर्माण गरौं ।**

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

# न्यूजप्रवाह

Newsprabah weekly साप्ताहिक

प्रकाशक : बि. एण्ड बि. मिडिया नेटवर्क प्रा.लि.
प्रधान सम्पादक : बबिलाल तामाङ
सम्पादक : मेकना तामाङ
प्रधान कार्यालय : भरतपुर–१६, चितवन
फोन : ९८४५०६७४१४
इमेल : newsprabah@gmail.com
शाखा कार्यालय : गैंडाकोट, शिव अधिकारी मो. ९८४५२०५९२०
शाखा कार्यालय : मुग्लिन, रोहिणी त्रिपाठी मो. ९८४५८०६२९४
मुद्रक : बहुमुखी छापाखाना, भरतपुर–३, प्रेसमार्ग


## सम्पादकीय

# मानवकेन्द्रित प्रविधिको आवश्यकता

पछिल्लो समय प्रविधिको विकासले मानव समाजलाई अभूतपूर्व अवसर र चुनौती दुवै प्रदान गरेको छ । विशेषतः कृत्रिम बुद्धिमत्ता (एआई) को तीव्र प्रगति आजको विश्व व्यवस्थामा निर्णायक शक्ति बन्न पुगेको छ । शिक्षा, स्वास्थ्य, कृषि, उद्योगदेखि सार्वजनिक सेवासम्म यसको प्रयोग विस्तार हुँदै गर्दा मानव जीवनलाई सहज, दक्ष र सुलभ बनाउने सम्भावना देखिन्छ । तर, प्रविधि सुविधा मात्र नभई जोखिमको स्रोत पनि हो । त्यसैले आजको बहस प्रविधि कसरी मानवकेन्द्रित हुन सक्छ भन्नेमा पनि उत्तिकै ध्यानकेन्द्रित गर्नुपर्ने आवश्यकता बढेर गएको छ । अमेरिका र चीनबीचको एआई प्रतिस्पर्धाले यसलाई प्रविधि नभई रणनीतिक शक्तिसमेत बनाएको छ । सैन्य क्षमता, आर्थिक उत्पादन, सूचना नियन्त्रण र भूराजनीतिक प्रभावसम्म एआईले निर्णायक भूमिका खेल्न थालेको छ । यसले स्पष्ट देखाउँछ कि एआईको विकास कुन मूल्य र उद्देश्यका लागि हुन्छ भन्ने प्रश्न प्रविधिभन्दा ठूलो सामाजिक–राजनीतिक बहस हो । यदि प्रविधिको प्रयोग शक्ति र नाफामा मात्रै केन्द्रित हुन थाल्यो भने त्यसले मानव हित र नैतिकतालाई कमजोर बनाउन सक्छ ।

एआईको व्यापक प्रयोगसँगै पछिल्लो समय गलत सूचना, नक्कली तस्बिर–भिडियो, आवाजको दुरूपयोग, साइबर अपराध, गोपनीयताको उल्लङ्घन र स्वचालित निर्णयका जोखिम बढिरहेका छन् । प्रविधि विकास गर्ने कम्पनीहरुले समेत सुरक्षा र पारदर्शिताका संयन्त्र आवश्यक रहेको स्वीकार गरिसकेका छन् । यसबाट प्रष्ट हुन्छ कि एआईलाई रोक्नु समाधान होइन, जिम्मेवार व्यवस्थापन र नियन्त्रण अपरिहार्य छ । नेपाल विश्वव्यापी अग्रपङ्क्तिमा नभए पनि एआईको प्रभावबाट अछूतो छैन । सार्वजनिक सेवामा दक्षता, शिक्षा–स्वास्थ्यमा पहुँच विस्तार, लागत घटाउने सम्भावना एआईले ल्याएको छ । तर, भ्रामक सामग्री, नक्कली तस्बिर–भिडियो, सामाजिक सञ्जालमा भ्रम फैलाउने प्रवृत्ति, ठगी र चरित्रहत्याजस्ता घटनाक्रमले जोखिमलाई झनै गम्भीर बनाएका छन् । कानुनी, प्राविधिक र संस्थागत संरचना अझै कमजोर बन्न पुगेको छ । नेपालले राष्ट्रिय एआई नीति, २०८२ जारी गरेर सुरुवात गरे पनि यसको कार्यान्वयन र कानुनी संरचना बलियो बनाउन ढिलाइ भइरहेको छ । व्यक्तिगत डेटा सुरक्षा, एआईबाट सिर्जित सामग्रीको दायित्व, स्वचालित निर्णयमा मानव उत्तरदायित्व, बौद्धिक सम्पत्तिको संरक्षण र पीडितलाई न्याय दिने स्पष्ट कानुनी आधार अझै पनि अपूर्ण नै छ ।

नवप्रवर्तन रोक्ने अत्यधिक नियमन र नागरिक अधिकार जोखिममा पार्ने नियमनको अभावजस्ता दुवै गलत बाटा हुन् । प्रविधि नियमन र नवप्रवर्तनबीच सन्तुलन कायम गर्नु नै आजको सही धारणा हो । नेपालले विश्वव्यापी अभ्यास अध्ययन गर्दै एआईले समाजमा पारिरहेको प्रभावको बारेमा गहिरो अनुसन्धान गर्नुपर्छ । त्यसपछि मात्र मानवकेन्द्रित एआई विकास सम्भव हुनसक्छ । मानव समाजलाई प्रविधिले सेवा गर्ने कि नियन्त्रण गर्ने भन्ने सवाल नै यतिखेर निर्णायक बन्न पुगेको छ । एआईलाई मानव हित, नैतिकता र सामाजिक उत्तरदायित्वसँग जोडेर विकास गर्न सकिएन भने त्यसले डिजिटल भविष्य अवसर होइन, ठूलो सङ्कट बन्न सक्छ । नेपालले समयमै कानुनी, प्राविधिक र संस्थागत संरचना बलियो बनाएर मानवकेन्द्रित प्रविधिको मार्ग अवलम्बन गर्नुपर्छ । यही मार्गले मात्र प्रविधिलाई मानव समाजको सहयात्री बनाउन सक्छ । त्यसैले सरकारले यस विषयमा गम्भीर अनुसन्धान थालनी गर्न ढिलाइ गर्नुहुँदैन । राष्ट्रिय एआई नीति, २०८२ को पूर्ण कार्यान्वयनका लागि र आवश्यक कानुन बनाउनु अत्यन्त जरुरी देखिन्छ ।

# एल्गोरिदम: आक्रोश बिक्ला, तर विवेक ओझेलमा पर्ला कि ?



**दृष्टिकोण**

**- मोहन मून**

यस्तो युगमा बाँचिरहेका छौं। जहाँ संसार हाम्रो हातहातमा छ। हातमा मोबाइल छ। मोबाइलमा इन्टरनेट छ। त्यससभित्र छन् समाचार, भिडियो, टिकटक, रिल लगायत सूचना र मनोरञ्जनका अनगिन्ती ढोका छन्। अब समाचार सुन्न रेडियोको निश्चित समय कुर्नुपर्दैन। पत्रिका किन्न बिहानसम्म पर्खिनुपर्दैन। संसारको कुनै कुनामा भएको घटना केही सेकेन्डमै हाम्रो मोबाइलको पर्दामा आइपुग्छ।

सूचना यति सहज कहिल्यै थिएन। तर प्रश्न यहींनेर छ? सूचनाको पहुँच बढ्दै जाँदा हाम्रो विवेक पनि त्यही अनुपातमा बढिरहेको छ त ?

किनकि हामी यस्तो समयमा पनि बाँचिरहेका छौं। जहाँ एउटा फेसबुक स्टाटसले रातारात राजनीतिक छवि निर्माण गर्न सक्छ। एउटा भिडियोले जनमत प्रभावित गर्न सक्छ र एउटा उत्तेजक वाक्यले हजारौं मानिसलाई एउटै भावनाको लहरमा बगाउन सक्छ। सूचना हातहातमा पुगेको छ। आवाज सबैको भएको छ। तर विडम्बना के छ भने सूचनाको पहुँच बढे पनि विवेक बढेको देखिँदैन। बरु हामी विस्तारै यस्तो समाजतिर जाँदैछौं। जहाँ तथ्यभन्दा भावना, तर्कभन्दा आक्रोश र नीतिभन्दा व्यक्तित्वले बढी ठाउँ पाइरहेको छ।

**एउटा स्टाटस, एउटा भाष्य र एउटा प्रश्न**

केही वर्षअघि काठमाडौं महानगरपालिकाका तत्कालीन मेयरले सार्वजनिक बिदाको दिन श्रीमती सवार सरकारी गाडी रोकिएको प्रसंगमा सामाजिक सञ्जालमा आक्रोशपूर्ण स्टाटस लेखे। त्यसमा सिंहदरबार जलाउनेसम्मको चेतावनी थियो।

त्यो स्टाटस सामाजिक सञ्जालमा असाध्यै भाइरल भयो। लाखौं लाइक, हजारौं कमेन्ट र शेयर आए। त्यसलाई धेरैले निडरता र विद्रोहको प्रतीकका रूपमा लिए।

तर त्यही घटनालाई अर्को कोणबाट हेर्दा एउटा सामान्य प्रश्न पनि उठ्थ्यो? प्रहरीले आफ्नो नियमित कर्तव्य पूरा गरेको थियो कि थिएन?

सार्वजनिक बिदाको दिन सरकारी सवारीसाधनको प्रयोग, त्यसको प्रयोजन र त्यससम्बन्धी नियम जाँच गर्नु प्रहरीको कर्तव्यभित्र पर्छ कि पर्दैन?

यो प्रश्न त्यतिबेला सामाजिक सञ्जालको ठूलो भीडमा केही दबेजस्तो देखियो।

अझ रोचक कुरा के थियो भने, त्यही समयमा बेलायतका तत्कालीन प्रधानमन्त्री ऋषि सुनकले सिटबेल्ट नबाँधेको विषयमा जरिवाना तिरेर सार्वजनिक रूपमा माफी मागेको उदाहरण पनि चर्चामा थियो। कानुनको सम्मानका त्यस्ता उदाहरण प्रस्तुत गर्ने हामीमध्ये कतिपयले आफ्नै देशमा भने नियमको सामान्य कार्यान्वयनलाई सहज रूपमा स्वीकार गर्न सकेनौं। यसले एउटा गम्भीर प्रश्न जन्माउँछ। के हामीलाई नियम आफ्नो अनुकूल हुँदा मात्र मन पर्छ? विदेशमा कानुन भनेको कानुन, तर आफ्ना मानिसमाथि लागू हुँदा 'अनावश्यक दुःख'? हामीले अरूलाई सिकाउने कानुनी संस्कार आफैँले पनि पालना गर्न सक्यौं भने मात्र हाम्रो लोकतन्त्र परिपक्व हुन्छ।

**आक्रोशको राजनीति र सामाजिक सञ्जाल**

त्यो एउटा पोस्ट थियो। तर पोस्टभन्दा ठूलो कुरा त्यसले निर्माण गरेको भाष्य थियो।

'यिनै हुनु पर्छ अबको प्रम', '३५ वर्षदेखि देश लुट्नेहरूलाई आँखामा आँखा जुधाएर बोल्न सक्ने यिनै हुन्।' यस्तै भावनाले सामाजिक सञ्जाल भरिएको थियो। मानौं राजनीतिमा निडर हुनु भनेको नियम र संस्थाभन्दा माथि उभिन सक्नु हो। हामीले एउटा कुरा बिर्सियौं। साहस र आक्रोश एउटै कुरा होइनन्। कानुनभन्दा माथि गएर बोल्नु निडरता नहुन सक्छ। कहिलेकाहीं कानुनभित्रै बसेर आफ्नै गल्ती स्वीकार गर्नु नै ठूलो साहस हुन सक्छ। समय बित्दै जाँदा उक्त स्टाटस हटाइयो। तर त्यसका लागि सार्वजनिक रूपमा क्षमा मागिएको कुरा त्यति चर्चामा आएन।

यहाँ प्रश्न कुनै व्यक्ति विशेषलाई दोष लगाउने मात्र होइन। प्रश्न हाम्रो सामाजिक मनोविज्ञानको हो। हामी किन चर्को भाषालाई यति छिटो स्वीकार गर्छौं?

किन एउटा आक्रोशपूर्ण वाक्यले हामीलाई सयौं पृष्ठको नीति दस्तावेजभन्दा बढी आकर्षित गर्छ?

**एल्गोरिदमलाई हाम्रो विवेकसँग खासै मतलब हुँदैन**



सायद यसको एउटा उत्तर सामाजिक सञ्जालको एल्गोरिदममा भेटिन्छ।

एल्गोरिदमलाई तपाईं सत्य बोल्दै हुनुहुन्छ कि झूट? त्यति ठूलो मतलब हुँदैन। उसलाई मुख्यतः थाहा हुनुपर्ने कुरा यति हो। तपाईंले कति बेर हेर्नुभयो? कति पटक रोकिएर हेर्नुभयो? लाइक गर्नुभयो? कमेन्ट गर्नुभयो?

शेयर गर्नुभयो? फेरि हेर्नुभयो? त्यसैले शान्त मानिसभन्दा रिसाएको मानिस सामाजिक सञ्जालका लागि बढी 'उपयोगी' हुन्छ। तथ्यभन्दा विवाद बिक्छ। तर्कभन्दा उत्तेजना बिक्छ। नीतिभन्दा व्यक्तित्व बिक्छ। र सबैभन्दा बढी बिक्छ– आक्रोश। कुनै नेताले शान्त भएर विपद् व्यवस्थापनको योजना सुनाएको भिडियोभन्दा प्रहरीसँग भएको भनाभनको छोटो क्लिप छिटो फैलिन सक्छ। सयौं पृष्ठको नीति दस्तावेज पढ्नुभन्दा एउटा उत्तेजक वाक्य शेयर गर्न हामीलाई सजिलो लाग्छ।

यहींबाट प्रश्न उठ्छ। हामी सूचना खोजिरहेका छौं कि उत्तेजना?

हामी तथ्य बुझ्न खोजिरहेका छौं कि आफ्नै पूर्वधारणाको पुष्टि?

**नागरिक कि फ्यान?**

लोकतन्त्रमा नागरिकले नेताको समर्थन गर्न पाउँछ। तर नागरिक र फ्यानबीच ठूलो फरक हुन्छ। फ्यानले आफ्नो नायकको गल्ती देख्न चाहँदैन। नागरिकले देख्छ। फ्यानले नायकले जे गरे पनि बचाउ गर्छ।

नागरिकले आवश्यक पर्दा प्रश्न गर्छ। दुर्भाग्यवश, हाम्रो राजनीतिक बहस विस्तारै नागरिकताबाट फ्यानडमतिर सर्दै गएको देखिन्छ।

'मेरो नेता'ले बोलेको सही । 'तिम्रो नेता'ले बोलेको गलत ।

अनि त्यसपछि सुरु हुन्छ। 'झोले', 'मासुभात', 'भक्त' र यस्तै अनेक विशेषणको वर्षा। विचारमाथिको बहस बिस्तारै व्यक्तिमाथिको आक्रमणमा बदलिन्छ। अझ दुःखद कुरा त विपद्का बेला देखिन्छ।

आफन्त गुमाएका मानिसहरू आफ्ना प्रियजनको खोजीमा हार गुहार गरिरहेका हुन्छन्। घटनास्थलमा पुगेर सत्य समाचार सम्प्रेषण गर्ने पत्रकारहरू जोखिम मोलेर काम गरिरहेका हुन्छन्। तर सामाजिक सञ्जालमा उनीहरूमाथि समेत गालीगलौज र डिजिटल आक्रमण हुन सक्छ। हिजोआज यसरी आक्रमणमा परिरहेको छताछुल्ल देखिन्छ।

**पीडामाथि राजनीति**

थपिनु र प्रश्नमाथि आक्रमण हुनु कुनै पनि सभ्य समाजका लागि शुभ संकेत होइन। यस्तो प्रवृत्तिले लोकतन्त्र बलियो बनाउँदैन। यसले राजनीतिक दललाई बलियो भएको भान गराउन सक्छ। तर नागरिकलाई कमजोर बनाउँछ। लोकतन्त्रलाई नेताका प्रशंसक होइन, नेतासँग प्रश्न गर्न सक्ने नागरिक चाहिन्छ।

**विपद्मा सरकारको वास्तविक परीक्षा**

देश बाढी र पहिरोको विपद्मा पर्दा यी प्रश्न झन् गम्भीर हुन्छन्।

सुरक्षा निकायका जवानहरू ज्यान जोखिममा राखेर उद्धारमा खटिन्छन्। नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाको भूमिका यस्ता विपद्मा अत्यन्त महत्वपूर्ण हुन्छ। उनीहरूको साहस र समर्पण प्रशंसायोग्य छ।

तर सुरक्षा निकायको प्रशंसा गर्नु र सरकारसँग प्रश्न गर्नु एकअर्काका विरोधी कुरा होइनन्। बरु विपद्को समयमा प्रश्न अझै आवश्यक हुन्छ।

सूचना कहिले प्राप्त भयो? नागरिकलाई कहिले जानकारी गराइयो?

जोखिममा रहेका बस्तीलाई समयमै सतर्क गराइयो? उद्धार संयन्त्र कति छिटो परिचालन भयो? उपलब्ध प्रविधि र जनशक्ति पर्याप्त थियो?

कुनै निर्णयमा ढिलाइ भयो कि भएन? विदेशी सहयोग आवश्यक थियो कि थिएन? यी प्रश्न सोध्नु सरकारविरोधी हुनु होइन। यी प्रश्न सरकारलाई अझ जिम्मेवार र सक्षम बनाउन आवश्यक लोकतान्त्रिक प्रश्न हुन्।

**राष्ट्रवादले ज्यान बचाउँदैन, क्षमताले बचाउँछ**

विपद्को समयमा विदेशी सहयोग लिने कि नलिने भन्ने विषयमा पनि बहस हुन सक्छ। आफ्नो सुरक्षा संयन्त्रमाथि विश्वास गर्नु स्वाभाविक हो। आफ्नै स्रोत, जनशक्ति र प्रविधिको अधिकतम उपयोग गर्नु अझ राम्रो हो। तर आवश्यक परेको अवस्थामा अन्तर्राष्ट्रिय सहयोग लिनुलाई राष्ट्रिय अपमान ठान्नु उचित हुँदैन। थाइल्यान्डको गुफा उद्धार, चिलीको खानी उद्धार वा भारतको सुरुङ उद्धारजस्ता उदाहरणले एउटा कुरा देखाउँछन्–जटिल विपद्मा प्रविधि, दक्ष जनशक्ति, समन्वय र समय निर्णायक हुन्छन्। बाढीले राष्ट्रियता सोध्दैन। पहिरोले राजनीतिक विचारधारा सोध्दैन। भग्नावशेषमा पुरिएको मानिसलाई उद्धार गर्ने हात नेपाली हो कि विदेशी? त्योभन्दा पहिले प्रश्न हुन्छ, ऊ जीवित छ कि छैन? विपद्मा राष्ट्रवाद नारामा होइन, परिणाममा देखिनुपर्छ। आफ्नो क्षमता पर्याप्त छ भने परिणामले देखाउनुपर्छ। क्षमता अपुग छ भने सहयोग लिन हिचकिचाउनु हुँदैन। किनकि विपद्को घडीमा समय आफैं एउटा जीवनरक्षक प्रविधि हो।

**राज्यको सूचना र व्यक्तिको सामाजिक सञ्जाल**

प्रधानमन्त्री वा मन्त्रीले सामाजिक सञ्जाल प्रयोग गर्नु आफैँमा गलत होइन। आजको समयमा नागरिकसँग प्रत्यक्ष संवाद गर्ने सामाजिक सञ्जाल प्रभावकारी माध्यम हो। तर प्रश्न त्यहाँ उठ्छ, जहाँ राज्यको आधिकारिक सूचना प्रणाली व्यक्तिको व्यक्तिगत सामाजिक सञ्जालसँग मिसिन थाल्छ। प्रधानमन्त्रीको फेसबुक पोस्ट लोकप्रिय हुन सक्छ।

सेकेन्डमै लाखौं मानिससम्म पुग्न सक्छ। तर राज्यको सूचना प्रणाली व्यक्तिको लोकप्रियताभन्दा ठूलो हुनुपर्छ। आपत्कालीन सूचना संस्थागत संयन्त्रबाट तत्काल प्रवाह हुनुपर्छ। सरकारी निर्णयको आधिकारिक अभिलेख हुनुपर्छ। नागरिकले राज्यको नीति बुझ्न कुनै व्यक्तिको व्यक्तिगत पोस्टको भर पर्नुपर्ने अवस्था हुनु हुँदैन।

फेसबुक पोस्ट सरकार होइन। सरकार एउटा संस्था हो।

व्यक्ति आउँछन्, जान्छन्। सरकार बदलिन्छ। तर संस्था रहन्छ।

**सामाजिक सञ्जालको अदालत**

आज सामाजिक सञ्जालले अर्को भूमिका पनि खेलिरहेको छ। फैसला सुनाउने। एउटा भिडियो आयो। केही सेकेन्डमै हजारौं मानिसले फैसला सुनाए। दोषी को? निर्दोष को? देशभक्त को? देशद्रोही को? योग्य को? अयोग्य को? न अनुसन्धान चाहियो। न पूरा सन्दर्भ। न प्रमाणको परीक्षण। न अर्को पक्षको कुरा। तर फैसला तयार। यसरी सामाजिक सञ्जालले अदालत, अनुसन्धानकर्ता र विश्लेषक तीनैको भूमिका एकैपटक खेल्न थालेको छ। यो प्रवृत्ति खतरनाक छ। फेसबुकको कमेन्ट सेक्सन लोकतान्त्रिक संस्थाको विकल्प होइन। सामाजिक सञ्जाल बहसको माध्यम हुन सक्छ। तर सत्यको अन्तिम फैसला गर्ने ठाउँ होइन।

**अबको बाटोः अलि रोकिएर सोच्ने**

एल्गोरिदमले हामीलाई उत्तेजित सामग्री देखाउँछ। तर लाइक गर्ने हामी हौं।

शेयर गर्ने हामी हौं। कमेन्ट गर्ने हामी हौं। भाइरल बनाउने पनि हामी नै हौं।

त्यसैले दोष प्रविधिको मात्र होइन। हाम्रो डिजिटल विवेकको पनि हो।

अब कुनै सामग्री शेयर गर्नुअघि केही क्षण रोकिएर सोचौं। यो सत्य हो?

यसको अर्को पक्ष के हो? मैले यो कुरा सही भएकाले पत्याएको हुँ कि मलाई मन परेकाले? सायद

(बाँकी ५ पेजमा)

# आँखा अस्पतालमा वार्षिक तीन लाख लाभान्वित

भरतपुर । नेपाल नेत्रज्योति संघद्वारा सञ्चालित भरतपुर आँखा अस्पतालले चितवनसहित छिमेकी जिल्लाहरुमा अस्पताल र उपचार केन्द्रको सञ्जाल विस्तार गर्दै लगेको छ । हाल मुख्य अस्पतालसहित २५ ठाउँबाट उपचार सेवा दिएको छ भने थप दुई ठाउँमा विस्तारको तयारी गरेको छ ।

अस्पतालले चितवनसहित आठ जिल्लामा रहेका यी अस्पताल र उपचार केन्द्रबाहेक शिविर सञ्चालन गरेर थप उपचार सेवा दिँदै आएको छ । मुख्य अस्पताल भरतपुरको बाइपास सडकमा छ । भरतपुरको उकालोमा सिटी क्लिनिक, पर्साको ठोरी र कावासोतीमा सेकेन्डरी आँखा अस्पताल, नवलपरासीको मध्यविन्दु र सर्लाहीको ईश्वरपुरमा सर्जिकल सेन्टर रहेका छन् ।

यसैगरी, चितवनको खैरहनी, माडी, चनौली, रत्ननगर, कुरिनटार, राप्ती र कालिका, धादिङको सल्यानटार र बेनिघाट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को हुप्सेकोट, बौद्धिकाली, भेडाबारी, अरुणखोला र देवचुलीमा आँखा उपचारकेन्द्र रहेका छन् । यसैगरी, महोत्तरीको रामगोपालपुर, सर्लाहीको कविलासी, बाराको सिम्रनगढ र तनहुँको आँबुखैरहनी र भानुमा उपचारकेन्द्र रहेका छन् ।

आगामी असोज महिनामा सर्लाहीको हरिपुर्वा र नवलपरासीको बुलिङटारमा केन्द्र सञ्चालन गर्ने तयारी गरिएको नेपाल नेत्रज्योति संघका सभापति जयराम श्रेष्ठले बताए । अस्पतालले गत आर्थिक वर्षमा अस्पताल र केन्द्रमार्फत दुई लाख ९२ हजार ६७१ जनालाई बहिरङ्ग सेवा दिएको छ । शिविरका तर्फबाट ४२ हजार २७० जनालाई सेवा दिएको छ ।

कुल लाभान्वित संख्या तीन लाख ३४ हजार ९४१ रहेको उनले जानकारी दिए । चितवनसहित छिमेकी जिल्लाका २६ लाख समुदायलाई सेवा दिन सक्ने क्षमता अस्पतालको छ । गत आर्थिक वर्षमा ११ हजार ६९३ जनाको आँखाको शल्यक्रिया गरिएको छ । दाताहरुको सहयोगमा सेवा विस्तार गर्न सकिएको श्रेष्ठ बताउँछन् ।

स्थानीय तहले अस्पताल र सेवा केन्द्र सञ्चालनमा भवनसहित आर्थिकलगायतका सहयोग गर्दै आएका छन् । यसका अतिरिक्त नेपाल सरकारको संघ र प्रदेशले पनि सहयोग गर्दै आएका छन् । पाकिस्तान र भारतीय दूतावास, लायन्स क्लब, सेवा फाउन्डेसन, क्योरब्लाइन्डनेस, रुइट फाउन्डेसन, बैंक वित्तीय संस्थाहरुलगायत सामाजिक व्यक्तित्वहरुको सहयोगकै कारण अस्पतालले गुणस्तरसँगै सेवा विस्तार गर्न सकेको उनको भनाइ छ ।

अस्पतालका वरिष्ठ अस्पताल प्रशासक दयाशंकर चौधरीले उच्चगुणस्तरीय, पहुँचयोग्य र समयमै आँखा उपचार सेवा प्रदान गरेर नेपालमा देखिएको दृष्टिविहीनतालाई कम गर्न आफूहरु लागिपरेको बताए । अस्पतालमा ११ नेत्र विशेषज्ञसहित १६७ जना कर्मचारी कार्यरत छन् ।

अस्पतालले आँखा उपचारसँगै आँखा स्वास्थ्य शिक्षा, तालिम, अनुसन्धान तथा सामुदायिक पहुँच कार्यक्रममा समेत महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको उनले बताए ।


## सूचना सूचना सूचना

नेपाल सरकारको सन् २०३० सम्ममा कुकुरको टोकाईवाट मानवमा रेविज शुन्यमा झार्ने प्रतिवद्धता अनुरुप भरतपुर महानगरपालिका, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखाले महानगर भित्रका आफ्नो वरपरको तथा घरपालुवा कुकुर/विरालोहरुमा निःशुल्क रेबिज विरुद्ध खोप कार्यक्रम तपसिल सेवा केन्द्रहरुमा संचालन गरिरहेको हुँदा सम्वन्धित टोलवासी तथा सरोकारवालाहरुलाई यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

**निःशुल्क रेबिज खोप कार्यक्रम संचालन हुने स्थानहरु**

१. पशु सेवा केन्द्र, लंकु
२. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, मंगलपुर
३. पशु सेवा केन्द्र, शारदानगर
४. पशु सेवा केन्द्र, गुन्जानगर
५. पशु सेवा केन्द्र, मेघौली
६. पशु सेवा केन्द्र, पटिहानी
७. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, गीतानगर
८. वडा नं २९, जुगेडी

याद राखौ रेविज एक प्राण घातक रोग हो, जुन रोग देखा परेपछि मृत्यु निश्चित रहेको हुँदा यसवाट जोगिन अनिवार्य रुपमा कुकुरहरुमा नियमित खोप लगाऔं ।

**भरतपुर महानगरपालिका**
कृषि तथा पशुपन्छी
व्यवसाय प्रवर्द्धन शाखा


# स्वास्थ्य/खेलकुद



## सूर्यपुर एफसी “तेस्रो चितवन गोल्डकप” च्याम्पियन

भरतपुर । हानामी तेस्रो चितवन गोल्डकप फुटबलको उपाधि एप्पल गुरू सूर्यपुर एफसी कालिकाले जितेको छ । शनिबार सम्पन्न उपाधि भिडन्तमा आयोजक हानामी भरतपुर फुटबल क्लब बिएफसीलाई हराउँदै सूर्यपुर च्याम्पियन बनेको हो ।

सूर्यपुरका लक्ष्मु थापा फाइनल खेलको केल्मी प्लेयर द म्याच बने ।

विजेता सूर्यपुरले ट्रफीसहित ६ लाख रूपैयाँ प्राप्त गरेको छ । उपविजेतामा सीमित बिएफसीले ३ लाखमा चित्त बुझाएको छ ।



नेपाल प्रहरी शिक्षालय भरतपुर तालिम केन्द्रको मैदानमा भएको फाइनलमा सूर्यपुरलाई जिताउन लक्ष्मु थापा र अविनाश स्याङ्तानले एक-एक गोल गरे । खेलको ७३औं मिनेटमा लक्ष्मुको गोलमा सूर्यपुरले अग्रता लिएको थियो ।

अतिरिक्त समयमा सूर्यपुरले पेनाल्टी पायो । बिएफसीका विवेक मगरले दिपेश गुरूङलाई बक्सभित्र लडाएपछि सूर्यपुरले पेनाल्टी पाएको थियो । प्राप्त पेनाल्टीमा अविनाशले गोल गर्दै जित सुनिश्चित गरे ।

विधागत उत्कृष्टतर्फ सूर्यपुरका अविनाश स्याङ्तान प्रतियोगिताभरको उत्कृष्ट खेलाडी बने । उनले ४० हजार रूपैयाँ प्राप्त गरे ।

सूर्यपुरका विशाल सुनार उत्कृष्ट गोलकिपर, बिएफसीका विवेक मगर उत्कृष्ट डिफेन्डर, बिएफसीकै आकाश थापामगर उत्कृष्ट मिडफिल्डर बने ।

यस्तै, ४ गोल गरेका देवदह ब्वाइज रुपन्देहीका सुजित बुढाथोकी सर्वाधिक गोलकर्ता बने । उनीहरुले १०-१० हजार रूपैयाँ प्राप्त गरे ।

## बिसिए प्राइड लिग टी-२० क्रिकेट हुने

भरतपुर । भरतपुरमा असोज १६ गतेदेखि बिसिए प्राइड लिग टी-२० क्रिकेट आयोजना हुने भएको छ । भरतपुर स्पोर्ट्स क्लबको आयोजनामा प्रतियोगिता हुन लागेको हो ।

भरतपुर-५ स्थित भरतपुर स्पोर्ट्स क्लबको मैदानमा असोज २२ गतेसम्म हुने प्रतियोगितामा पाँच टिम सहभागी हुनेछन् । प्रतियोगितामा भरतपुर बुल्स, माडी टाइगर्स, कालिका लिओपार्ईस, सौराहा स्यान्ड्स र राप्ती घलियाल्स गरी पाँच टिम सहभागी छन् ।

पाँचवटै टिमको मार्की खेलाडी पनि चयन भइसकेका छन् । जसअनुसार भरतपुरका मार्की खेलाडीमा रोशन झा, माडीका शिव कँडेल, राप्तीका सन्तोष न्यौपाने, कालिकाका सन्देश सुवेदी र सौराहाका रिजन काफ्ले रहेका छन् । यस्तै, प्रतियोगिताका लागि आइतबार नै अक्सन भएको छ ।

अक्सनमा ७५ खेलाडी रहेकोमा सबै खेलाडी बिक्री भएका छन् । अक्सनमा ए, बी, सी र डी गरी चार क्याटगोरी छुट्याइएको थियो । यो प्रतियोगिताले स्थानीय खेलाडीहरुलाई एक्स्पोजर प्रदान गर्ने क्लबका अध्यक्ष दिपेश श्रेष्ठले बताए । भरतपुर महानगरपालिका-५ को कार्यालय प्रतियोगिताको सहआयोजकको रुपमा रहेको छ ।


“तपाईको सेवामा, आजै कल गर्नुहोस्”





❖ चितवन तथा तराईको उच्च गुणस्तरको ईट्टा हरु नेपालको जुनसुकै ठाउँमा चाहिएमा ।
❖ गिट्टी, ढुंगा, बालुवा चितवन र नवलपुरको सबै स्थानमा होम डेलिभरिको व्यवस्था ।
❖ चितवन र नवलपुरको जुनसुकै स्थानमा घर तथा घडेरी अति आकर्षक र सस्तो मूल्यमा ।

सम्पर्क : ९८०२७२०१७१४

Cell: 9845067414
B. & B. Media Network [P.] Ltd.
Bharatpur, Chitwan

Remember for :
Visiting card | Wedding card | Number Plate
Color Print | Nylon Stamp | Bill/Receipt
Computer Design | Flex/Photo Print | All kinds of Printing Job

# शारदानगर स्वास्थ्यचौकीमा विशेषज्ञ स्वास्थ्यसेवा प्रदान गरिने

भरतपुर । भरतपुर महानगरपालिका-१९ स्थित शारदानगर स्वास्थ्यचौकीबाट विशेषज्ञ स्वास्थ्यसेवा प्रदान गरिने भएको छ ।

यसका लागि भरतपुर महानगरपालिका र भरतपुर अस्पतालबीच सहकार्य समेत भएको छ ।




पश्चिम चितवनका बासिन्दालाई साना-साना स्वास्थ्य समस्या र स्वास्थ्य बिमाको उपचारका लागि भरतपुर अस्पताल नै धाउनुपर्ने बाध्यता अन्त्य गर्ने उद्देश्यले यो कदम चालिएको महानगरका कार्यवाहक प्रमुख चित्रसेन अधिकारीले बताए । उनका अनुसार शारदानगर स्वास्थ्यचौकीको स्वामित्वमा रहेको कुल दुई बिघा सात कट्ठा जग्गामध्ये १४ कट्ठा जग्गा स्वास्थ्यचौकी र वडा कार्यालयका लागि सुरक्षित राखिने छ । बाँकी जग्गा प्रचलित ऐन तथा कानुनी मापदण्ड पूरा गरी आवश्यक नापी प्रक्रिया अगाडि बढाएर भोगचलनका लागि अस्पताललाई दिइने सम्झौतापत्रमा उल्लेख छ ।

कार्यवाहक प्रमुख अधिकारीका अनुसार महानगरपालिकाले हाल पूर्वाधार निर्माण तथा उपकरण खरिदका लागि एक करोड रुपैयाँ विनियोजन गरेको छ । यस रकमबाट एक्स-रे र इन्डोस्कोपी मेसिन खरिद गरिने र भवन मर्मत गरी बिरामी जाँचकक्ष तथा प्रशासनिक काउन्टर व्यवस्थापन गरिने उनले बताए । सुरूवाती पूर्वाधार तयार भएपछि सेवाको पूर्ण सञ्चालन जिम्मेवारी भरतपुर अस्पतालले लिनेछ ।

साथै, यो स्वास्थ्यचौकीमार्फत बालबालिका र महिलासम्बन्धी उपचार, हाडजोर्नी परीक्षण, बिमा सेवा र प्रयोगशाला (ल्याब रिपोर्ट) सेवासम्म समेटिने छ । शल्यक्रिया वा भर्ना आवश्यक भएमा बिरामीलाई अन्यत्र रेफर नगरी भरतपुर अस्पतालमै थप उपचारका लागि पठाइने छ ।


भरतपुर अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. विश्वबन्धु बगालेले भरतपुर अस्पतालमा बढ्दो भीडभाड कम गर्ने र गुणस्तरीय सेवा नजिकैबाट उपलब्ध गराउने उद्देश्यले अगाडि बढाइएको हो । उनका अनुसार सुरूवाती चरणमा विशेषज्ञसेवा राखिने छ, साथै प्रयोगशाला र फार्मेसी सेवा पनि उपलब्ध गराइने छ । उनले भने, 'भरतपुर अस्पतालमा हामीले जुन सेवा दिन्छौं, त्यही सेवा उहाँहरूले त्यहीं पाउनुहुनेछ ।' सुरूमा बहिरङ्ग (ओपिडी) सेवाबाट सञ्चालन हुनेछ । त्यसपछि आवश्यकता र सञ्चालन क्षमताको आधारमा क्रमशः आकस्मिक सेवा, अन्तरङ्ग र शल्यक्रिया सेवासम्म विस्तार गर्दै दीर्घकालमा ठूलो अस्पतालमा रूपान्तरण गर्ने सोच रहेको उनले बताए । सरकारी अस्पतालले यो तहको विशेषज्ञ सेवा पहिलोपटक दिन लागेको बगाले बताउँछन् ।

सेवा सुरू हुनुअघि न्यूनतम भौतिक पूर्वाधार तयार गर्नुपर्ने हुन्छ । सरसफाइ व्यवस्था, पहुँच बाटो, प्रतीक्षालय, सेवाग्राही प्रतीक्षालयजस्ता कार्यहरू महानगरपालिकाले सम्पन्न गरेसँगै सेवा सुरू गरिने उनले जानकारी दिए ।

फोन : ९८४६४७५३४१
९८४६८५२९१५

**गोरखा फेन्सी**

भरतपुर-११, बसेनी



हामीकहाँ आदिवासी जनजातिका भेषभूषा तथा महिलाका तयारी पोशाकहरु सुपथ मूल्यमा पाइन्छ ।

**धार्मिक तथा पर्यटकीय स्थलको अवलोकन गरौं ।**

● इच्छाकामना मन्दिर । ● लामो झरना । ● उपरदाङगढी । ● बालगौरी पाथिभरा । ● सिराईचुली ● गौरीखोला झरना । ● गुप्तेश्वर महादेव मन्दिर । ● पाथिभरा मंगलागौरी मन्दिर । ● चेपाङ गाउँ लगायतका धार्मिक तथा पर्यटकीय स्थलहरुको अवलोकनका लागि सम्पूर्ण जनसमुदायमा इच्छाकामना गाउँपालिका हार्दिक अनुरोध गर्दछ । आन्तरिक पर्यटनको प्रबर्द्धन गरौं ।



**दानबहादुर गुरुङ**


अध्यक्ष एवम्

**इच्छाकामना गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

इच्छाकामना, चितवन

# फिल्म/मनोरञ्जन



## "पेन्सन पट्टा"को कमाइ "बेहुली"भन्दा १ करोडले बढी

काठमाडौं । तीजको छेको पारेर भदौ २६ गते प्रदर्शनमा आएका दुई फिल्म 'पेन्सन पट्टा' र 'बेहुली'को कमाइमा ठूलो अन्तर देखिएको छ । सोमबार चलचित्र विकास बोर्डले सार्वजनिक गरेको बक्स अफिस तथ्यांकअनुसार 'बेहुली'भन्दा 'पेन्सन पट्टा'को कमाइ १ करोड ११ लाख ४७ हजार ५४५ रुपैयाँले बढी छ । जबकि, यो फिल्मको ओपनिङ 'बेहुली'भन्दा कमजोर थियो ।

'पेन्सन पट्टा'ले असोज ४ गते (आइतबार)सम्म ३ करोड ७९ लाख ७६ हजार ७४ रुपैयाँ ग्रस कमाइ गरेको छ । यस अवधिमा फिल्मका १ लाख २९ हजार ११८ वटा टिकट बिक्री भएका छन् । योसँगै यस वर्ष 'गौंथली' र 'लालीबजार'पछि पहिलो १० दिनमा साढे तीन करोडमाथिको व्यापार गर्ने 'पेन्सन पट्टा' तेस्रो नेपाली फिल्म बनेको छ ।




'बेहुली'ले भने आइतबार (हिजो)सम्म ९४ हजार ८८५ वटा टिकट बिक्रीबापत २ करोड ६८ लाख २८ हजार ५२९ रुपैयाँ ग्रस कमाइ गरेको छ । फिल्मको यो कमाइलाई सुखद नै मान्न सकिन्छ । प्रदर्शनको तीन दिनमै फिल्मले १ करोडमाथिको व्यापार गरेको थियो । मिश्रित प्रतिक्रियाका बाबजुद फिल्मले पहिलो १० दिनमा साढे दुई करोडको आँकडा पार गर्नु ठूलो उपलब्धि हो ।

यस्तै, ४ असोजसम्म 'गौंथली'ले २५ करोड ९४ लाख ७३ हजार ४० रुपैयाँ, 'पार्वती'ले २ करोड २४ लाख ३१ हजार ८८३ रुपैयाँ र कान्स विजेता फिल्म 'एलिफेन्ट्स इन द फग' (तिनीहरू)ले १ करोड १६ लाख ५४ हजार ९७० रुपैयाँ ग्रस कमाएका छन् । यसमध्ये 'गौंथली' यस वर्षको सबैभन्दा ठूलो ग्रसर र इतिहासकै दोस्रो धेरै कमाउने फिल्म बनिसकेको छ ।

## "चमेलीको पोइ" : प्रेम, वियोग र झगडा

काठमाडौं । एभरेष्ट सूर्य बोहराको निर्देशनमा बनेको फिल्म 'चमेलीको पोइ'को ट्रेलर सार्वजनिक गरिएको छ । आइतबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक झन्डै चार मिनेट लामो ट्रेलरले फिल्मको कथावस्तु र केन्द्रीय द्वन्द्वबारे संक्षिप्तमा प्रकाश पारेको छ । मुस्ताङको सेटिङमा फिल्मले चार पात्रको कथा पेस गरेको छ, जहाँ प्रेम, वियोग र झगडालाई समेटिएको छ ।

ट्रेलर पूर्णतः कमेडीप्रधान छ । सुरक्षा पन्तलाई मन पराउने तीन युवा र त्यसक्रममा आउने घटनाक्रमलाई ट्रेलरमा हास्य शैलीमा देखाइएको छ । कडा स्वभावकी सुरक्षाले पुरुष पात्रहरूसँग गरेका कुटपिट र झगडाका दृश्य दर्शकलाई रोचक लाग्न सक्छ । ट्रेलरले सुरक्षा र मुकुन भुसाल फिल्ममा श्रीमान्-श्रीमती रहेको खुलासा समेत गर्छ ।



असोज १६ गतेबाट प्रदर्शन हुन लागेको यस फिल्ममा मुकुन र सुरक्षासहित विल्सन विक्रम राई, उमेश राई (फुलन्देकी आमा), रवीन्द्र झा, गणेश गौतम, अंशु महर्जन, बविन राई, प्रेम देव गिरी, खड्गबहादुर पुनलगायतका कलाकारहरूको अभिनय रहेको छ । 'प्रेम चरो'को रूपमा परिचित नारायण त्रिपाठीले यही फिल्मबाट दुई दशकपछि अभिनयमा पुनरागमन गरेका छन् ।

धनलक्ष्मी सिने मेकर्सको प्रस्तुतिमा निर्माण भएको फिल्मका निर्मातामा सुनिता सापकोटा र राम नारायण उपाध्याय रहेका छन् भने उदय विक्रम राणा, रितु मल्ल कुँवर, सुमित्रा थापा र कपिल आचार्य कार्यकारी निर्मातामा छन् । फिल्ममा बन्दे प्रसादको सम्पादन, एभरेष्ट सूर्य बोहरा र शिवम् अधिकारीको लेखन, सहास शाक्यको पार्श्व ध्वनी तथा कुमार महर्जनको द्वन्द्व निर्देशन रहेको छ । -फिल्मीखबरबाट ।

# भूतपूर्व गोर्खा सैनिकद्वारा २३ लाख बढी सहयोग

भरतपुर । भूतपूर्व गोर्खा सैनिकको जिआर परिवारद्वारा भोटेकोशी बाढीपीडितका लागि २३ लाख बढी सहयोग गरिएको छ ।

बाढीपीडितका लागि ६/५ जिआर फ्रन्टियर फोर्स गोरखा बटालियनका कमान्डिङ अफिसर, सुबेदार मेजरलगायत भारतको दार्जिलिङ, देहरादून, बेलायत (युके) तथा नेपालभर रहेका ६/५ जिआर परिवारले बाढीपीडितका लागि सहयोग गरेका हुन् । संयोजक तथा सेवानिवृत्त सुवेदार मेजर केशव थापाले २३ लाख ३३ हजार ६६३ रूपैयाँ अर्थ मन्त्रालय पुगेर अर्थमन्त्रीको हातमा हस्तान्तरण गरिएको बताए ।

हालैको विनाशकारी बाढीबाट प्रभावित नागरिकको सहयोगका लागि ६/५ जिआर परिवार एकजुट भई उक्त रकम सङ्कलन गरेको उनले बताए । थापाका अनुसार विपद्को समयमा पीडित परिवारलाई राहत पुऱ्याउने उद्देश्यले परिवारका सदस्यहरुबाट सहयोग रकम सङ्कलन गरिएको चितवन-मकवानपुर भूतपूर्व सैनिक सङ्गठनका कोषाध्यक्ष हबलदार सुबेदार मेजर गणेशबहादुर खत्रीले जानकारी दिए ।

# तेस्रो संस्करणको 'अङ्कुरम–मोडल युनाइटेड नेसन्स' सम्पन्न, छवटा संकल्प पारित

भरतपुर । अङ्कुरम् एकेडेमीमा सञ्चालित त्रिदिवसीय अङ्कुरम-मोडल युनाइटेड नेसन्स'को तेस्रो संस्करण सोमबार विभिन्न छवटा सङ्कल्प पारित गर्दै सम्पन्न भएको छ । संयुक्त राष्ट्रसंघका छवटा कमिटीमा अध्ययन, अनुसन्धान र छलफलपछि ती सङ्कल्प पारित भएका हुन् ।

कार्यक्रम समापनलाई सम्बोधन गर्दै प्रमुखअतिथि तथा भरतपुर-७ का वडाध्यक्ष राजेन्द्रमणि काफ्लेले भोलिका नेतृत्वदायी नागरिक उत्पादन गर्न यस्ता कार्यक्रम प्रभावकारी हुने बताए । उनले स्वास्थ्य, शिक्षा, वातावरण संरक्षण र जलवायु परिवर्तनजस्ता समय सान्दर्भिक विषय समेटेर लगातार तीन वर्षदेखि गरिएको तीनवटै संकरण फलदायी भएको बताए ।

संयुक्त राष्ट्रसंघीय वातारण कार्यक्रम (युएनइपी)अन्तर्गत 'सुरक्षित भविष्यका लागि जलवायु उत्थानशीलता', विश्व स्वास्थ्य सङ्गठनअन्तर्गत 'वाधाविहीन स्वास्थ्यसेवाको पहुँच', संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्अन्तर्गत 'सुरक्षित वर्तमान : स्थिर भविष्य', मानवअधिकार परिषद्अन्तर्गत 'सुरक्षित भविष्यका लागि नागरिक गरिमा' विषयहरू समेटिएका थिए । मानवअधिकार परिषद्ले अनगानिस्तानमा भइरहेको नीतिगत हिंसा तथा मानवअधिकार उल्लङ्घनको विषयमा केन्द्रित रहेको थियो ।

त्यस्तै, संयुक्त राष्ट्रसंघीय बालकोषअन्तर्गत 'कृत्रिम बुद्धिमत्ताको युगमा अनलाइन शोषणविरुद्ध विश्वव्यापी बाल संरक्षण संयन्त्रलाई सुदृढ बनाउने, युनेस्कोअन्तर्गत 'वाधाविहीन शिक्षा प्राप्ति'को विषयलाई प्राथमिकताका साथ उठाइएको छ । जसअन्तर्गत 'द्वन्द्व



र संकटमा उदीयमान प्रविधिमार्फत शिक्षाको अधिकारको सुरक्षा गर्ने विषयहरू उठान गरिएको छ ।

कुन समितिबाट कुन एजेन्डा भयो पारित ?

त्रिदिवसीय कार्यक्रममा विभिन्न देशका प्रतिनिधिहरूले विविध विषयको प्रतिनिधित्व गरेका थिए । छवटा समितिमध्ये संयुक्त राष्ट्र संघ सुरक्षा परिषद्ले 'उदीयमान रणनीतिक क्षेत्रहरूमा महत्वपूर्ण पूर्वाधारको सुरक्षाः अन्तर्राष्ट्रिय शान्ति र सुरक्षामा रहेका खतराहरूको सम्बोधन' विषयक सङ्कल्प पारित भएको छ । जसअनुसार विभिन्न प्रभावकारी उपायहरूसँगै, यस प्रस्तावले सैन्य, साइबर र अन्य उदीयमान प्राविधिक खतराहरूका सबै प्रकारबाट महत्वपूर्ण नागरिक पूर्वाधारहरूको सुरक्षालाई सुदृढ गर्ने, साइबर घटना प्रमाणीकरण संयन्त्रसहित राष्ट्रिय तथा क्षेत्रीय 'महत्वपूर्ण पूर्वाधार सुरक्षा ढाँचाहरू' स्थापना गर्ने परिकल्पना गरिएको छ ।

त्यस्तै, संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रमअन्तर्गत 'एल निनो' र 'ला निनो'सँग सम्बन्धित चरम मौसमी घटनाविरुद्ध विश्वव्यापी जलवायु उत्थानशीलता सुदृढ गर्ने कार्यसूचीलाई सम्बोधन गर्ने सङ्कल्प पारित गरिएको छ । एमुन च्याप्टर ३।० का महासचिव प्रमोद थपलियाले 'वर्षा, पानीको उपलब्धता, बाढी, खडेरी, कृषि तथा जोखिममा रहेका समुदायहरूमा 'एल निनो' र 'ला निनो'को बारम्बार पर्ने प्रभावहरूलाई स्वीकार गर्दै मौसमसम्बन्धी निगरानी, पूर्व-सूचना प्रणाली, प्राविधिक सहयोग र क्षमता अभिवृद्धिमा जोड दिने सङ्कल्प पारित गरिएको बताए ।

त्यस्तै, संयुक्त राष्ट्रसंघीय बाल सुदृढ स्वास्थ्य पूर्वाधारलगायतका विषयमा गहन छलफल गरी पारित गरिएको छ ।

त्यसैगरी संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषद्अन्तर्गत 'अफगानिस्तानमा व्याप्त प्रणालीगत हिंसा र मानव अधिकार उल्लङ्घनको सम्बोधन' विषयमा छलफल भएको थियो । प्रभावित तथा जोखिममा रहेका जनसमुदायको संरक्षणका लागि मौलिक अधिकारको रक्षा, जवाफदेहिताको सुनिश्चितता र अन्तर कोषअन्तर्गत कृत्रिम बुद्धिमत्ता ९एआई०को युगमा अनलाइन शोषण विरुद्ध विश्वव्यापी बाल संरक्षण संयन्त्रहरूलाई सुदृढ पार्ने सङ्कल्प पारित भएको छ । यो प्रस्तावले विशेष गरी विकासोन्मुख राष्ट्रहरूका लागि 'सेफ्टी-बाइ-डिजाइन' उपायहरू, डिजिटल वाटरमार्किङ, एआई पहिचान उपकरणहरू, डिजिटल प्रमाण आदान-प्रदानमा सुधार र क्षेत्रीय एआई साइबर-फरेन्सिक क्षमता अभिवृद्धिमार्फत एआईसिर्जित शोषणविरुद्ध बाल संरक्षणलाई सुदृढ पार्नमा केन्द्रित हुने बताइएको छ ।

त्यसैगरी, विश्व स्वास्थ्य संगठनअन्तर्गतको 'चिकित्सासम्बन्धी नवीन आविष्कारहरूमा असमान पहुँचका कारण सिर्जित विश्वव्यापी स्वास्थ्य असमानताहरूको रोकथाम' विषयक कार्यसूचीमा अध्ययन, अनुसन्धान र छलफल गरी खोप, रोग निदान विधि, उपचार पद्धति, चिकित्सा उपकरण र अन्य अत्यावश्यक स्वास्थ्य प्रविधिहरूमा पहुँचसम्बन्धी विद्यमान असमानताहरूलाई सम्बोधन गरी विशेषतः यस्ता असमानताले विकासोन्मुख देशहरू, ग्रामीण समुदायहरू र जोखिममा रहेका जनसमुदायलाई प्रभावित पार्ने तथ्यमाथि जोड दिइएको छ । यस्ता असमानताविरुद्ध अन्तर्राष्ट्रिय सहयोग, किफायती चिकित्सा प्रविधिहरूमा समान पहुँच, प्रविधि हस्तान्तरण, क्षेत्रीय उत्पादन, ष्ट्रिय सहयोग सुदृढीकरणको महत्त्वबारे समितिमा छलफल गरिएको बताइएको छ ।

कार्यक्रममा चितवन, नवलपरासी र काठमाडौंका विद्यालयहरूबाट २१६ जना विद्यार्थीहरूको सहभागिता रहेको र सहभागी विद्यार्थीहरूले विश्वव्यापी समस्याका बारेमा आफूहरूले गरेको अनुसन्धानका आधारमा सामूहिक छलफलमार्फत समाधनसमेत सुझाएको उपमहासचिव उपाध्यायले जानकारी दिइन् ।

## सिद्धि विनायकको ...

साधारण सभालाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा सम्पन्न गर्ने विषयमा समेत छलफल भएको थियो । सहभागी शेयर सदस्यहरूले संस्थाको वर्तमान अवस्था, सेवा प्रवाह तथा आगामी योजनाका विषयमा जिज्ञासा राखेका थिए ।

शेयर सदस्यबाट उठेका प्रश्न तथा जिज्ञासाको जवाफ दिँदै अध्यक्ष धितालले पछिल्लो समय सहकारी क्षेत्रका लागि चुनौतीपूर्ण अवस्था रहेको बताए ।

संस्थालाई थप सुदृढ र विश्वसनीय बनाउन सञ्चालक समिति, कर्मचारी तथा शेयर सदस्य सबैको सहयोग, सक्रियता र इमान्दारिता आवश्यक रहेको उनको भनाइ थियो ।

साधारण सभालाई सफल बनाउन सम्पूर्ण शेयर सदस्यको सक्रिय सहभागिता र रचनात्मक सुझाव आवश्यक रहेको र निर्धारित मिति, समयमा उपस्थित हुन उनले आग्रह समेत गरेका छन् ।

बैठकमा सचिव जयराम पाण्डेको प्रगति प्रतिवेदनमार्फत संस्थाले वर्षभरि सञ्चालन गरेका कार्यक्रम, गतिविधि, सदस्य सेवा तथा आगामी योजनाका विषयमा जानकारी प्रस्तुत गरिएको थियो । त्यस्तै, कोषाध्यक्ष रामप्रसाद घिमिरेको आर्थिक प्रतिवेदनमा संस्थाको आर्थिक अवस्था, आम्दानी-खर्च, वित्तीय व्यवस्थापन तथा आगामी आर्थिक योजनाबारे छलफल गरिएको थियो ।

संस्थाका व्यवस्थापक विकास पौडेलले संस्थाको समग्र वित्तीय अवस्थाबारे जानकारी गराउँदै शेयर सदस्यहरूलाई आवश्यकता र क्षमताका आधारमा व्यापार-व्यवसाय सञ्चालनका लागि सहज रूपमा ऋण प्रवाह गर्दै आएको बताए । सदस्यको आर्थिक गतिविधिलाई सहयोग पुग्ने गरी संस्थाले आफ्ना वित्तीय सेवाहरूलाई प्राथमिकतामा राख्दै आएको उनको भनाइ थियो ।

बैठकमा आगामी १९औँ वार्षिक साधारण सभामा संस्थाको वार्षिक गतिविधि, आर्थिक अवस्था, नीति तथा कार्यक्रम, आगामी कार्ययोजना लगायतका विषयमा छलफल तथा आवश्यक निर्णय गरिएको छ ।

बैठकको समापन गर्दै संस्थाका उपाध्यक्ष मुकुन्दप्रसाद गौतमले सहकारी क्षेत्रमा देखिएका चुनौतीहरूको सामना गर्न सञ्चालक समिति, कर्मचारी तथा शेयर सदस्य सबैको साथ, सहयोग र एकताबद्ध प्रयास आवश्यक रहेको बताए ।

## पत्रकार ...

पारिश्रमिक दिनै कठिनाइ उत्पन्न भएको जनाएको छ । बोर्डले यस निर्णयलाई पुनर्विचार नगरे थप आन्दोलनका कार्यक्रम घोषणा गर्न बाध्य हुने चेतावनी समेत दिइएको छ ।

## ९३ जनामा ...

यो रोग मुसामा लाग्ने किर्ना जस्तो देखिने किरा माइटको टोकाइबाट मानिसमा सर्दछ । यस रोगबाट बच्नका लागि झाडीमा जाँदा लामो लुगा लगाउने साँझ बिहान चौरमा बस्दा सुरक्षित भएर बस्ने लगायतका कामहरु गर्नुपर्ने उनले बताए ।

## एल्गोरिदमः ...

यी तीन प्रश्नले हाम्रो डिजिटल नागरिकताको दिशा बदल्न सक्छन्। हामीले हरेक कुरा पत्याउनुपर्दैन। हरेक कुराको विरोध पनि गर्नुपर्दैन। आफ्नो पक्षको राम्रो काममा ताली बजाउन सकिन्छ। आफ्नो पक्षको गल्तीमा प्रश्न पनि गर्न सकिन्छ।

विपक्षीको गलत निर्णयको विरोध गर्न सकिन्छ। विपक्षीले गरेको राम्रो कामको प्रशंसा पनि गर्न सकिन्छ। यही नै परिपक्व लोकतान्त्रिक संस्कार हो।

भीड बन्ने कि नागरिक?

अन्ततः प्रश्न एल्गोरिदमको मात्र होइन। प्रश्न हामीसँग पनि छ।

हामी एल्गोरिदमले जहाँ लैजान्छ, त्यहीँ जाने भीड बन्ने? कि आफ्नै विवेकले बाटो रोज्ने नागरिक? हामीलाई नेताको भक्त बन्ने कि नेतासँग प्रश्न गर्ने? हामीलाई भाइरल पोस्ट पछ्याउने कि तथ्य खोज्ने?

हामीलाई आक्रोशको भीडमा मिसिने कि विवेकको आवाज सुन्ने?

निर्णय हाम्रो हो। किनकि एल्गोरिदमलाई हाम्रो ध्यान चाहिन्छ।

उसलाई हाम्रो प्रतिक्रिया चाहिन्छ। उसलाई हाम्रो समय चाहिन्छ। तर लोकतन्त्रलाई चाहिन्छ, हाम्रो विवेक। सूचनाको यो महासागरमा आज सबैभन्दा दुर्लभ वस्तु सूचना होइन, विवेक हो।

त्यसैले अब सामाजिक सञ्जालमा हामीले केवल 'के भाइरल भयो?' भनेर होइन, 'के सत्य हो?' भनेर पनि सोध्न सिक्नुपर्छ। किनकि आक्रोश केही क्षणका लागि बिक्न सक्छ। भाइरल पोस्ट केही दिनका लागि चर्चामा रहन सक्छ। व्यक्तित्वको चमक केही समयका लागि भीड जम्मा गर्न सक्छ।

तर अन्ततः समाजलाई अघि बढाउने शक्ति आक्रोश होइन। विवेक, तथ्य र उत्तरदायित्व नै हो। र त्यसैले आजको सबैभन्दा ठूलो प्रश्न यही हो।

एल्गोरिदमले हामीलाई चलाउने कि हामीले आफ्नो विवेकले एल्गोरिदमलाई प्रयोग गर्ने? निर्णय हाम्रो हातमा छ।

**न्यूज प्रवाह साप्ताहिक इ-पेपरमा**

login : www .newsprabah .com

https://newsprabah .com/e-paper/

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### आकस्मिक एम्बुलेन्स सेवा

| | |
|---|---|
| रेडक्रस चितवन | ५२०१३३ |
| कावासोती | ५४०४१८ |
| परासी | ५२०१२५ |
| रत्ननगर | ५६०२०१ |
| चनौली | ९८४५०५६९३९ |
| ज्योतिनगर | ९८५५०५८४७४ |
| गीतानगर | ९८४५०६५९६३ |
| महेन्द्रचोक | ९८४५११२२८४ |
| गैँडाकोट | ५०११०० |
| पर्सा | ९८५५०५७१७२ |
| पिठुवा | ५६१२७४ |
| पटिहानी | ९८४५०४७४८७ |
| शारदानगर | ९८४५०५६६३७ |
| भण्डारा | ५५०१३३ |
| शक्तिखोर | ९८४५०५६०३३ |
| सहमति, गैँडाकोट | ९८५५०५६५५९ |
| नेपाल क्षयरोग नि. संस्था | ९७४५०६७४०० |

### अस्पताल काठमाडौं

| | |
|---|---|
| वीर अस्पताल | ४२२३८०७ |
| | ४२२१९८८ |
| शिक्षण अस्पताल | ४४१२४०४ |
| | ४४१२५०५ |
| कान्ति बाल अस्पताल | ४४१४७९८ |
| टेकु अस्पताल | ४२५३३९६ |
| | ४२५३३९५ |
| वीरेन्द्र प्रहरी अस्पताल | ४४१२४३० |
| आँखा अस्पताल | ४२६०८१३ |
| | ५५२२२६६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| | ५५२१६१२ |

### अस्पताल चितवन

| | |
|---|---|
| भरतपुर अस्पताल | ५२०१११ |
| क्यान्सर अस्पताल | ५२४५०१ |
| आँखा अस्पताल | ५२०३३३ |
| कलेज अफ मेडिकल साइन्सेस | ५२४२०३ |
| नारायणी सामुदायिक अस्पताल | ५२५५१७ |
| ब्लड बैंक भरतपुर | ५२०८८० |

### प्रहरी प्रशासन

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ५२०१५५ |
| जिल्ला प्रशासन कार्यालय | ५२०१०५ |
| सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय | ५२०५४४ |
| वडा प्रहरी कार्यालय, पुल्चोक | ५७११४६ |
| जिल्ला ट्राफिक कार्यालय | ५२४८९९ |
| इलाका प्रहरी कार्यालय, गैँडाकोट | ५०११९९ |
| विद्युत प्राधिकरण, भरतपुर | ५२०१६६ |
| भरतपुर महानगर | ५२१४६७ |
| रामग्राम नगरपालिका | ५२०१९३ |
| रत्ननगर नगरपालिका | ५६०३४३ |

### पत्रपत्रिका/सञ्चार

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ, चितवन | ५३२६५० |
| नेपाल पत्रकार महासंघ नवलपरासी | ५२०४७९ |
| रेडियो साइनो एफ.एम. | ९८४४१३४३०० |
| सिनर्जी एफ.एम. | ५२६९१६ |
| कालिका एफ.एम. | ५२७१५८ |
| विजय एफ.एम. | ५०१४०४ |
| हाम्रो एफ.एम. | ५३२९९६ |
| कान्तिपुर दैनिक | ५३१३०० |
| चितवन पोष्ट दैनिक | ५९५६२१ |
| अन्नपूर्ण पोष्ट | ५२४५९८ |
| कायाकैरन दैनिक | ५३३१६६ |

न्यूजप्रवाह Newsprabah weekly साप्ताहिक

## साप्ताहिक राशीफल

- ज्यो.प. नारायणप्रसाद ढुलाल
मो. ९८४९५५९५०२

**मेष** यो सातामा शुभकार्यको चर्चा चल्नेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । मनमा उत्साहका साथै बोली बिक्ने समय छ । नसोचेको ठाउँबाट धनागम हुनेछ । आफन्त र साथीभाइबाट सहयोग तथा हौसला प्राप्त हुनेछ, तर स्वास्थ्य प्रति चैं सावधानी अपनाउनुपर्छ ।

**वृष** यो सप्ताह धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन । सामाजिक तथा धार्मिक कार्यमा रुचि बढनेछ । प्रेममा मधुरता छाउला । आँटेको र ताकेको कार्य पुरा होला । साताको उत्तरार्धबाट आर्थिक कारोबारमा मन्दी आउनेछ ।

**मिथुन** यो साता लाभहानी, आयव्यय, सुखदुःख बराबरी खालको समय रहेको छ । रोकिएको काम दोहोर्याएर प्रयत्न गर्दा सफलता मिल्नेछ । साताको अन्त्यमा व्यस्तता बढनुका साथै स्वास्थ्यप्रति सजगता अपनाउनु होला ।

**कर्कट** यो साता शुभ कार्यको योजना बन्नेछ । धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ । सेयरको कारोबारमा फाइदा पनि बढन सक्छ । साताको अन्त्यमा अनावश्यक ठाउँमा धन खर्च होला ।

**सिंह** यो साता स्वास्थ्यमा समस्या हुनसक्छ, त्यसैले सङ्क्रमणबाट आफू पनि बच्ने र अरूलाई पनि बचाउन सहयोग गर्नु होला । महत्तवपूर्ण कार्यमा व्यवधान आइपर्ला, तर आत्मबल बढाएर काम गरेमा असफल भइँदैन । बुधवारबाट साथी भाइको भेटघाटले मन प्रसन्न रहला ।

**कन्या** यो साता विपरित वर्गबाट विशेष सहयोग मिल्ने र शुभ कार्यको योजना बन्नेछ । सामाजिक तथा धार्मिक कार्यमा रुचि बढनेछ । नजिकको मित्रसँग भेटघाट हुनेछ । सांगीतिक क्षेत्रमा रुचि बढनेछ । साताको मध्यमा सरकारी निकायको भय रहला ।

**तुला** यो साता कुनै कुराले मनमा शान्ति छाउनेछ । रोकिएका कामहरू पुनः सुरु हुन सक्छन । विज्ञान र प्राविधिक कार्य अघि बढनेछ । मान प्रतिष्ठामा वृद्धि होला । प्रेम जीवन सबल र सफल हुनुका साथै आम्दानीका नयाँ स्रोत बढनेछन ।

**वृश्चिक** यो सप्ताहमा सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । दैनिक कार्य र पढाइमा प्रगति नै हुनेछ । रमणीय र सुखद यात्राको योग छ । राजनीतिक कार्यमा सफलता मिल्नेछ । नयाँ कार्यको अवसर मिल्नेछ । व्यवसायको सन्दर्भमा आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ ।

**धनु** यो साताको सुरुका दिनमा दबाब र तनाव बढेको महसुस हुनेछ र केही अप्ठयारा परिस्थितिको सामना गर्नुपर्ला । मन भावुक र उत्ताउलो बन्नेछ, सचेत रहनु होला । मङ्गलवारबाट शुभकार्यको चर्चा चल्नेछ ।

**मकर** यो साता धार्मिक कृत्यमा सहभागी बन्नु पर्नेछ । स्वास्थ्य साबर र शिक्षामा सफलता मिल्नेछ । सामाजिक कार्यमा रुचि बढनेछ । धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन । मनोरञ्जनमा सहभागिता भइएला ।

**कुम्भ** यो साता धार्मिक, सामाजिक र अरुको हित हुने काममा समय व्यतीत हुनसक्छ । व्यावसायिक काममा राम्रै फडको मार्न सकिनेछ । एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । पारिवारिक जमघट र विशिष्ट व्यक्तिको सहयोग पाइनेछ ।

**मिन** यो साता सामाजिक कार्यमा रुचि जाग्नुका साथै यात्राको योग पनि देखिन्छ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ । पुँजी बजारमा लगानीको अवसर आउनाले मन प्रसन्न रहनेछ र पछि फाइदा हुनेछ । साताको मध्यमा मानसिक चिन्ता बढनेछ ।

# शव व्यवस्थापनमा सहयोग गर्ने ५६ संस्था सम्मानित

भरतपुर । भोटेकोशी बाढीले बगाएर ल्याएका शवको सङ्कलन, पहिचान र व्यवस्थापनमा सहयोग गर्नेलाई जिल्ला विपद् व्यवस्थापन समितिले सम्मान गरेको छ । समितिले विपद्का बेला सहयोग गर्ने सुरक्षा निकायसहित ५६ वटा संघसंस्थालाई सम्मान गरिएको चितवनका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले जानकारी दिए ।

चितवनमा ३६४ वटा शव फेला परेको थियो । तीमध्ये सनाखत हुन नसकेका ३५१ वटा शव भरतपुर-१ को सतनचुली सामुदायिक वनभित्र जमिनमुनि सुरक्षितरूपमा व्यवस्थापन गरिएको छ । जमिनमुनि व्यवस्थापन गरिसकेपछि आफन्तहरुबाट चारवटा शवको पहिचान भएको थियो । आफन्तहरुले व्यवस्थापन गरेको ठाउँमै पुगेर श्रद्धाञ्जली दिने र काजक्रिया गरेका थिए ।




१२ वटा शव भने आफन्तहरुले सनाखत गरेर लगेको उनले जानकारी दिए । अझै एउटा शव भरतपुर अस्पतालको शव गृहमा रहेको छ ।

शव व्यवस्थापन स्थलमा भोटेकोशी स्मृति पार्क बनाउने विषयमा सरोकारवालाहरुबीच छलफल भएको थियो । त्यसको लागि तीनवटा समिति बनाउने प्रस्ताव भएको छ । केही दिनभित्रै एउटा संस्था स्थापना गरेर स्मृति पार्क बनाउने प्रक्रिया अघि बढ्ने अर्यालले जानकारी दिए ।

आफन्त गुमाएर विक्षप्त बनेका हजारौँ परिवारहरूलाई आफ्ना प्रियजनहरूको खोजी गर्ने र पीडा भुलाउने एउटा निश्चित ठाउँ दिनुपर्ने आवश्यकता महसुस गरेर नै शव व्यवस्थापन गरिएको स्थानमै स्मृति पार्क बनाउने अवधारणा अघि सारिएको हो । जहाँ प्रियजन गुमाएका मानिसहरूले आफ्ना मान्छेको सम्झनामा श्रद्धाञ्जली र सान्त्वना पाउन सक्नेछन् ।

# रत्ननगरका व्यवसायीलाई कर तथा भ्याटसम्बन्धी तालिम

रत्ननगर । रत्ननगरका उद्योगी तथा व्यवसायीलाई कर तथा भ्याटसम्बन्धी जानकारी दिने उद्देश्यले प्रशिक्षणात्मक अन्तर्क्रिया कार्यक्रम आयोजना गरिएको छ । रत्ननगर उद्योग वाणिज्य संघको आयोजना तथा गैरसहकारी संस्था जिआइजेड-आरएसआरएसडी र चितवन उद्योग वाणिज्य संघको सहयोगमा आयोजना गरिएको हो ।

कार्यक्रममा व्यवसाय सञ्चालनका क्रममा उद्योगी तथा व्यवसायीले पालना गर्नुपर्ने करसम्बन्धी व्यवस्था, मूल्य अभिवृद्धि कर (भ्याट), राजस्वसँग सम्बन्धित कानुनी प्रावधान तथा व्यावहारिक समस्याका विषयमा प्रशिक्षण र अन्तर्क्रिया गरिएको संघका अध्यक्ष शंकर गिरीले जानकारी दिए ।

संघका अध्यक्ष शंकर गिरीको अध्यक्षतामा भएको उक्त कार्यक्रम रत्ननगर नगरपालिकाका उपप्रमुख यादवप्रसाद पाठकले उद्घाटन गरेका थिए ।

नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य एवं चितवन उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष सुमनकुमार श्रेष्ठ, चितवन उद्योग वाणिज्य संघका अध्यक्ष चिरञ्जीवी सुवेदीलगायतले मन्तव्य राखेको कार्यक्रममा सिए विशाल भट्टराई, चितवन उद्योग वाणिज्य संघका राजस्व सल्लाहकार सिए विमन कार्की र जिआइजेड-आरएसआरएसडीका नवीनलाल श्रेष्ठले कर तथा भ्याटसम्बन्धी विषयमा प्रशिक्षण तथा प्रस्तुतीकरण गरेका थिए ।

सहभागी व्यवसायीहरुले कर तथा भ्याटका विषयमा आफूले भोग्दै आएका समस्या र जिज्ञासा राखेको कार्यक्रममा वरिष्ठ उपाध्यक्ष निराजन खनाल, चितवन उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष राजेन्द्र ओली, कार्यसमिति सदस्य तथा कर तथा राजस्व समितिका संयोजक नवराज तिमिल्सिना, तालिम संयोजक विष्णु लम्साललगायतको उपस्थिति थियो ।



सो अवसरमा विभिन्न वस्तुगत संघका अध्यक्ष तथा प्रतिनिधि, उद्योगी व्यवसायी र सञ्चारकर्मीहरुको समेत सहभागिता रहेको थियो ।

रत्ननगर उद्योग वाणिज्य संघले व्यवसायीहरुलाई कर तथा राजस्वसम्बन्धी व्यवस्था बुझाउन र व्यवसाय सञ्चालनमा देखिने कानुनी तथा व्यावहारिक समस्या समाधानमा सहयोग पुऱ्याउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रम सञ्चालन संघका महासचिव उपेन्द्र शर्मा आचार्यले सञ्चालन गरेका थिए ।


दर्ता नं. : ७६६/०६४/०६५

समुदायमा आधारित, दिगो सहकारी

**सिद्धि विनायक**
**बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
SIDDHI BINAYAK SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.

प.सं./च.नं. :०८३/०८४/ मिति : २०८३/ ०५/०५

श्री सम्पूर्ण शेयर सदस्य ज्यूहरु
भरतपुर, चितवन

विषय : १९औं वार्षिक साधारण सभा सम्बन्धमा ।

महोदय,
यस संस्थाको मिति २०८३/०५/०४ गते बसेको सञ्चालक समितिको ३५औं नियमित बैठकको निर्णय अनुसार निम्न विषयहरुमा छलफल गरि निर्णयार्थ निम्न मिति, समय र स्थानमा संस्थाको गरिमामय १९औं वार्षिक साधारण सभा बस्ने भएकोले उक्त सभामा अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

छलफलका विषयहरु :-
१) संचालक समितिको तर्फबाट आ.ब. ०८२/०८३ को प्रगती प्रतिवेदन प्रस्तुत एवं छलफल र अनुमोदन ।
२) आ.ब.०८२/०८३ को लेखा परिक्षक नियुक्ति र निजको पारिश्रमिक अनुमोदन सम्बन्धमा ।
३) संचालक समितिको तर्फबाट आ.ब. ०८२/०८३ को आर्थिक तथा लेखा परिक्षण प्रतिवेदन प्रस्तुत एवं अनुमोदन ।
४) संचालक समितिको तर्फबाट आ.ब. ०८३/०८४ को लागि प्रस्तावित निति तथा कार्यक्रम प्रस्तुत एवं अनुमोदन ।
५) संचालक समितिको तर्फबाट आ.ब. ०८३/०८४ को लागि प्रस्तावित बजेट प्रस्तुत एवं अनुमोदन ।
६) आ.ब. ०८३/०८४ का लागि लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
७) विनियम तथा आन्तरिक कार्यविधिहरु संशोधन तथा पारित सम्बन्धमा ।
८) शेयर लाभाशं कोष र संरक्षित पूँजि फिर्ता कोषको रकम वितरण सम्बन्धमा ।
९) अन्य विविध कोषहरुको रकम सम्बन्धमा ।
१०) निर्णय पुस्तिका बन्द गर्ने प्रतिनिधि चयन सम्बन्धमा ।
११) विविध सम्बन्धमा ।

तपशिल :-
मिति :- २०८३ असोज ७ गते
स्थान :- चित्रावती लिजर सेन्टर, क्षेत्रपुर, भरतपुर-२, चितवन
सहभागी दर्ता समय : बिहान ११:३० बजे देखि
उद्घाटन सत्र : बिहान १२:३० बजे

- कार्यक्रममा उपस्थिति हुने सदस्यहरुले ०८३ श्रावण महिना सम्मको मासिक बचत बुझाएको हुनु पर्नेछ ।
- सदस्यले आफ्नो परिचय खुल्ने कागजात वा पासबुक अनिवार्य रुपमा लिएर आउनु होला ।

जयराम पाण्डे
सचिव

E-mail : siddhibinayak2065@gmail.com
भरतपुर-२, चितवन
फोन नं. ०५६-५५६७५५



**बि. एण्ड बि. मिडिया नेटवर्क प्रा. लि.**
भरतपुर, चितवन, मो. ९८४५०६७४७४

ना ४२ प १९९७ **हाम्रा सेवाहरू :** ना ४२ प १९९७

नम्बर प्लेट | कलर प्रिन्ट | भिजिटिङ कार्ड
बिल/रसिद | विवाह कार्ड | नाईलन छाप
कम्प्युटर टाईपिङ | बुक सेटिङ/छपाई | म्यागजिन डिजाईन

यहाँ नम्बर प्लेट बनाइन्छ ।
पत्रपत्रिकामा विज्ञापन तथा छपाईसम्बन्धी सम्पूर्ण कामका लागि ... ।



**भरतपुर महानगरपालिका**
**नगर कार्यपालिका कार्यालय**
**भरतपुर, चितवन**

**सूचना ! सूचना !! सूचना !!!**

भरतपुर महानगरपालिकालाई देशकै सुन्दर, समृद्ध र सुसंस्कृत सहर बनाउने जिम्मेवारी तथा दायित्व तपाई हामी सबै सरकारी तथा गैह्र सरकारी संघ/संस्थाहरु, नागरिक समाज एवं हामीसबै महानगरवासीको हो । महानगरपालिकाले भौतिक विकासका साथसाथै महानगरपालिकालाई हरियाली, बातावरण अनुकुलीत महानगर बनाउनको लागि विगत वर्षदेखि हरियाली एवं वृहत्तर सरसफाई कार्यलाई समुदायस्तरबाट अभियानको रुपमा सुरुवात गरी निरन्तरता दिइआएको छ । यस महानगरपालिका अन्तर्गत सिर्जित सबै किसिमका फोहोरमैलालाई महानगरपालिकाबाट तोकिएको समयमा जनताका घर, घरबाट नै संकलन तथा उचित व्यवस्थापन हुँदै आएको छ ।

यद्यपी सार्वजनिक स्थलहरुमा फोहोर फाल्ने, सडकका दायाँ बायाँ रोपिएका विरुवाहरु उखल्ने, सुर्तिजन्य तथा खाद्य पदार्थहरुको खोलहरु यत्रतत्र फाल्ने, लुकिछिपी घरबाट निस्कने फोहोरमैलाहरु आफ्नो घरआँगन भित्र नराखी सडक किनारमा फाल्ने, सार्वजनिक स्थलमा निर्माण सामाग्रीहरु थुपार्ने, सार्वजनिक संस्थाहरुबाट समेत निर्माण कार्यसम्पन्न पश्चात पनि विद्युतका पोलहरु, दुरसञ्चार तथा इन्टरनेट केवल तारजन्य सामाग्रीहरु सडकपेटीमा राखे प्रवृत्ति देखिएकोले उक्त कार्यहरु नगर्नु नगराउनु हुन यसै सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ । अब उप्रान्त अनुगमनका क्रममा माथि उल्लेखित गतिविधि देखिएमा फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३८ मा उल्लेख भएअनुसारको कसुर मानी दफा ३९ बमोजिम रु. ५ हजार देखि रु. १ लाखसम्मको जरिवाना र सजायका साथै भरतपुर महानगरपालिकाको आर्थिक ऐन,२०८१ बमोजिम जरिवानासमेत स्थलगत रुपमा यस कार्यालयबाट खटिएका नगर प्रहरी लगायतका कर्मचारी मार्फत असुलउपर गरी प्रचलित ऐन, कानून बमोजिम आवश्यक कारवाही गरिने व्यहोरा संम्बन्धित सबैका लागि जानकारी गराइएको छ ।

**भरतपुर महानगरपालिका**
**वातावरण तथा विपद व्यवस्थापन महाशाखा**



प्रो. लुलाराज तामाङ
मो. ९८५५०५०४५९
९८०२९२३७१०

**चितवन फिस हाउस**
**CHITWAN FISH HOUSE**
भरतपुर-१०, रिजालचोक (पुरानो हाटबजार) चितवन

हाम्रा सेवाहरू : स्थानीय उत्पादन जिउँदो तथा ताजा माछा, काँडा निकालिएको माछा, (Fish Fillet) तयारी भ्याकुम प्याकिङ माछा, माछाको सुकुटी (Dry Fish), स्थानीय जातको माछा साथै विवाह, पार्टीका लागि तयारी माछा उपलब्ध गरिनुका साथै होम डेलिभरिको व्यवस्था छ ।



**न्यूज प्रवाह साप्ताहिक इ-पेपरमा**
login : www .newsprabah .com
https://newsprabah .com/e-paper/